स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता सौगात मल्लको शीर्ष भूमिका रहेको फिल्म 'बम बहादुर' अब आगामी पुष ५ गतेबाट प्रदर्शनमा आउने भएको छ। पुष १० गते परेको इसाई समुदायको मुख्य चाड क्रिसमस डेको विदालाई लक्षित गरेर फिल्मलाई प्रदर्शन गर्न लागिएको हो। नेपाल र भारतमा फिल्म एकसाथ रिलिज हुनेछ। यसअघि गत कातिक ३० गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको थियो।

आजको विचार...



आर्थिक...
(दुई पेजमा)

डा. डीआर उपाध्याय

सन् २०२५ मा बाँसुरी फिल्म्सले 'कबड्डी ५' र 'जारी २' सहित तीन नयाँ फिल्म निर्माण गर्ने भएको छ। 'कबड्डी' र 'जारी'का नयाँ श्रृंखला सोही वर्षमा प्रदर्शनमा आउनेछन्। अर्को 'अनटाइटल' फिल्मको पटकथा लेखन कार्य भइरहेको छ। 'कबड्ड' र 'जार'का नयाँ श्रृंखलामा दयाहाङ राईको शीर्ष भूमिका हुने भएकाले उनका अन्य फिल्मको सेड्युलसँग मिलाएर यी दुवैलाई छायांकनमा लैजाने तयारी छ। ब्यानरकै अर्को फिल्मलाई भने यज्ञशले लेखिरहेका छन्।



❐ वर्ष ३० ❐ अंक १२४ ❐ २०८१ मंसिर १२ गते बुधबार 27 November 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### साम्प्रदायिक झडपमा ८८ को मृत्यु

(रासस/ सिन्ह्वा)

**बेरुत(लेबनान)** मंसिर ११/ पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको कुर्रम जिल्लामा भएको साम्प्रदायिक झडपमा ज्यान गुमाउनेको सङ्ख्या बढेर ८८ जना पुगेको अस्पताल प्रशासनले जनाएको छ । गत बिहीबार पाराचिनार क्षेत्रमा शिया मुसलमान यात्रुहरू बोकेको गाडीमा आक्रमण गर्दा भएको हिंसामा ठुलो हताहत भएको थियो । यस आक्रमणले सिया र सुन्नी समुदायहरू बिच साम्प्रदायिक हिंसाको लहर निम्त्यायाएको छ भने पछिल्ला दिनहरूमा धेरै आक्रमणहरूले मृतकको सङ्ख्या अझै बढ्दै गएको छ । हाल प्रान्तीय सरकारको प्रतिनिधिमण्डलले प्रभावित जिल्लाको स्थलगत भ्रमण गरी दुवै सम्प्रदायबीच सात दिनका लागि युद्धविराम गर्ने सहमति भएको छ । मृतकको सङ्ख्या बढ्न सक्ने रिपोर्ट गरेको छ ।

### पाल्पा उद्योग वाणिज्य संघको ५८ औं स्थापना दिवस

# लगानीको वातावरण नहुँदासम्म देश विकास हुँदैन : सांसद राना

**हाम्रा संवाददाता**

**पाल्पा,** मंसिर ११/लुम्बिनी प्रदेशका सांसद तथा पुर्वमन्त्री वीरबहादुर रानाले लगानीको वातावरण नहुँदासम्म देशको समृद्धि हुन नसक्ने बताएका छन् । मंगलबार पाल्पा उद्योग वाणिज्य संघको ५८ औं स्थापना दिवस समारोहलाई तानसेनमा सम्बोधन गर्दै सांसद रानाले लगानीको वातावरण नहुँदासम्म देशको विकास र समृद्धि हुन नसक्ने बताएका हुन् ।




उनले पाल्पामा लगानीको वातावरण नहुँदा उद्योगी, व्यवसायीहरु पलायन हुँदै गएको भन्दै उनीहरुलाई रोक्न स्थानीय, प्रदेश र संघीय सरकारले लगानीको वातावरण सिर्जना गर्नुपर्ने धारणा व्यक्त गरे । सांसद रानाले भने, 'लगानीको वातावरण सिर्जना गर्ने दायित्व सरकारको हो, त्यसैले लगानीको वातावरण बनाइ दिन मेरो तीनै तहका सरकारसँग विनम्र आग्रह छ ।' उनले देशमा केही हुँदैन भन्ने भाष्य सिर्जना गरिएकाले त्यो गलत भएको उल्लेख गरे ।

सांसद रानाले देशमै सभावना भएकाले सोंचमा परिवर्तन गर्न जरुरी रहेको बताए । उनले भने,'पाल्पामा थुप्रै संस्कृति, प्रकृति र सम्पदा भएकाले तिनीहरुको सही ढंगले पहिचान गरी उपयोग गर्न सकियो भने संभावना यही छ ।' तानसेनमा सम्भावनै सम्भावना भएकाले एक पटक सबैले उज्यालो तानसेन बनाउन संकल्प गर्नुपर्नेमा सांसद रानाले जोड दिए । उनले भने,'मैले त तानसेनको विकास गर्न सकिन्छ भन्ने सपना देखेको छु । जसले गर्दा जन्म घर फर्केर हेर भन्ने नारा नै तय गरेको छु । त्यही अनुसार म आफुलाई अगाडि बढाएको छु ।' सांसद रानाले संघको भवन निर्माणमा यस अघि आफ्नो पहलमा बजेट पारेको र अब भवनलाई पूर्णता दिन फेरी पनि पहल गर्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा संघका निर्वतमान अध्यक्ष राजु महर्जन, पूर्व सांसद यादव बहादुर रायमाझी, प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदी, पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बस्याल, पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीरामा राना लगायतले सघको सफलताको शुभकामना व्यक्त गरे ।

सोही अवसरमा संघका पूर्व अध्यक्षहरु हरि रायमाझी, मधु दयाल सैजु, मोहनप्रसाद श्रेष्ठ लगायले आफ्नो कार्यकालको अनुभव राखेका थिए । संघका अध्यक्ष शैलेन्द्र भट्टराईले जिल्लाका उद्योगी, व्यवसायीहरुको हक र, अधिकार र जिल्लाको आर्थिक विकासका लागि संघ प्रतिवद्ध भएर लागेको बताए । अध्यक्ष भट्टराइको अध्यक्षता, महासचिव समिरमान सिंहको सञ्चालनमा कार्यक्रम भएको थियो ।




## 'सामाजिक सुरक्षा उन्नत अवधारणा र अभ्यास हो'

**काठमाडौँ,** मंसिर ११/प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सुरक्षा उन्नत अवधारणा र अभ्यास भएको उल्लेख गरेका छन् ।

प्रधानमन्त्री ओलीले मंगलबार सातौँ सामाजिक सुरक्षा दिवसको अवसरमा शुभकामना दिई सरकार सामाजिक सुरक्षाको बृहत्तर र परिपूर्ण अवधारणालाई अगाडि बढाउन, व्यवस्थित ढङ्गले सञ्चालन गर्न र त्यसलाई पूर्णता दिन प्रतिबद्ध रहेको बताए । हरेक नागरिक सचेत हुनुपर्दछ र आफूले सामाजिक सुरक्षाको सन्दर्भमा योगदान पनि गर्नुपर्दछ भनेर आफूले योगदानमा आधारित सामाजिक सुरक्षाको एउटा नयाँ र उन्नत अवधारणाको सुरुवात गरेको उनले उल्लेख गरेका छन् । 'सरकार सामाजिक सुरक्षाको बृहत्तर र परिपूर्ण अवधारणालाई अगाडि बढाउन, व्यवस्थित ढङ्गले सञ्चालन गर्न र त्यसलाई पूर्णता दिन प्रतिबद्ध छ । अब कसैले अनाथ भएँ भन्नु पर्दैन । अनाथ हुनु दु:खको कुरा हो । तर,



अब अनाथ भएर मैले अभिभावकत्व पाइन भन्ने स्थिति हुने छैन । मेरो रेखदेख गर्ने कोही छैन भन्ने अवस्था कसैको हुने छैन ।

मेरो सहारा कोही छैन भन्ने अवस्था पनि हुने छैन । त्यसका निम्ति राज्य छ र सरकार छ' उनले शुभकामना सन्देशमा भनेका छन् । शुभकामना सन्देश भनिएको छ- 'सरकारले कसैलाई पनि एक्लो र असहाय हुन दिँदैन । यस दिनको अवसरमा कसैलाई पनि एक्लो महसुस नगर्न र सरकार साथमा छ भन्ने विश्वास लिएर अगाडि बढ्न आग्रह गर्दछु ।'

एमालेले सामाजिक सुरक्षालाई हाम्रो सामाजिक जीवन, राज्य सञ्चालन र समाज सञ्चालनको एउटा अभिन्न अंगका रूपमा बुझेर व्यवहार गरिरहेको बताए । अहिले लोककल्याकारी राज्य, सामाजिक न्याय, समानता र सामाजिक सुरक्षाको अवधारणाले मूर्तरूप लिन थालेको ओलीको भनाइ छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## बढ्दो नैरास्यता

**मुलुकले नयाँ निकास पाउँन सकेको छैन । फलस्वरुप हरेक समस्याहरुले नराम्रोसंग जरागाडी रहेका छन् । राजनैतिक स्थिरता हराएको आभास भएको छ । जनतामा नैरास्यता बाहेक अरु खासै केही पनि देखिदैन् । छवि, रवि, प्रसाई अनेकन काण्डै काण्डले गर्दा पनि मुलुकमा राजनैतिक तरलता मौलाएको अवस्था हो । नयाँ सोंचका साथ बहुमतको सरकारले जनताका पक्षमा गर्ने कतिपय निर्णयहरु पनि विभिन्न अराजकताका घटना र परिघटनाका कारणले समाजमा सकारात्मकता प्रर्दशन गर्न सकिरहेका छैनन् । समस्या समाधान भन्दा पनि समस्या थपिनेक्रम जारी छ । राजनैतिक चिन्तनहरुले सबै नकारात्मकताको सूचकहरुसंग बढी मेल खाएका छन् । हरेक जिल्ला, गाउँ अनि टोल-टोलमा सरकारबाट आशावादीहुनेहरुको संख्या घट्नेक्रम जारी छ । जो जहाँ भए पनि देशका प्रति आवश्यकता भन्दा बढी चिन्तित देखिन्छन्, तर आफ्नो जिम्मेवारी र कर्तव्यबाट विमुख भएको कुरा बुझ्न र बुझाउँन सक्ने परिस्थितिको पहिचान हुन सकेन । राजनैतिक दलहरुले राम्रो र सुधारात्मक क्रियाकलापलाई बढावा दिए पनि, जस पाउँने अवस्था अहिले कतैबाट पनि छैन् । व्यवस्था प्रतिको विष वमनका कारण नकारात्मकताका वादलहरु मडारिरहेका छन् । सोंच र खोज प्रति चासो कम छ । कृषि, उत्पादन, युवा स्वरोजगार अनि आर्थिक बिकासका कुरा केवल भाषणमा मात्रै सिमित जस्तै भएका छन् ।**

**विकासका नाममा डोजर संस्कृतिले फड्को मारेको छ । बजारमा महंगी दिन प्रतिदिन वढेको छ । विदेशिनेहरुले आफु मात्रै नभएर देशबाटै शैक्षिक ऋण लिएर विदेशका विश्वविद्यालयमा बुझाउँन वाध्य छन् । स्वास्थ्य क्षेत्रमा देखा परेका समस्याहरु प्रति कसैको चासो छैन । वित्तीय क्षेत्र शाहुपल्टी रहेका छन् । ऋण लिएर केही गर्न खोज्नेहरुका लागि व्यवसायिक वातावरण श्रृजना गर्ने सरकारको कुनै पनि नीति कार्यान्वयन हुन सक्दैन । तमाम समस्याहरुका थुप्रै थुप्राको बीच हाम्रो मुलुक टुलुटुलु संकट हेर्न बाध्य छ । राजनैतिक निकास र स्थिरताका कुरा गर्नेहरु पनि अहिले हराएका छन् । त्यस कारण यी र यस्ता तमाम समस्याको निकास र मुलुकको समग्र विकासका लागि सबै एक जुट भएर देश र जनता प्रति जिम्मेवार नहुने हो भने, यो नैरास्यता बढ्दै जाने र व्यवस्था प्रति नै घात प्रतिघातको खतरा बढ्ने संकेतहरुलाई अब गम्भीर भएर रोक्नैपर्छ । अन्यथा मुलुकले कुनै पनि बेला संकट बेहोर्ने र लोकतन्त्र प्रति नै घात प्रतिघातका खतराहरु मडराई रहनेछन् ।**

### Opinion @ Social Network

जिम्मेवारीको बतास चल्न थाले पछि
रहरहरुको दियो आफै निभ्दै गए ।

*(**गोमा थापाको फेसबुक स्टाटस** https://www.facebook.com/Goma.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आर्थिक मन्दी र घट्दो अचल सम्पत्ति



**डा. डीआर उपाध्याय**

*समस्यालाई थप जटिल बनाउने भनेको राजनीति र व्यापारबीचको अस्पष्ट सीमारेखा हो । धेरै नेताले आफ्नो पदलाई व्यक्तिगत सम्पत्ति बढाउन प्रयोग गर्छन् । उता, व्यापारीहरू राजनीतिमा प्रवेश गर्छन्, तर जनताको सेवा गर्न नभई आर्थिक स्वार्थलाई सुरक्षित गर्न ।*

**प्रारम्भ :** लामो समयदेखि व्यवस्थागत कमजोरी र राजनीतिक स्थिरतामा बाँधिएको छ नेपाल । केपी शर्मा ओलीको नेतृत्वमा बनेको सरकारबाट धेरै नेपालीले रूपान्तरणकारी परिवर्तनको आश गरेका थिए । ओलीको कार्यकाल जसले ठूला प्रतिज्ञा र व्यापक भाषणद्वारा चिन्हित गऱ्यो । सुरुवातमा नेपालीहरूमा समृद्ध भविष्यप्रति आशा जगायो । समयसँगै ती वाचा अधिकांश अधुरा छन्, जसले निराश बनाएको छ । ऊर्जा, पर्यटन क्षेत्रमा केही महत्वपूर्ण परियोजना सुरु गरे तापनि प्रगति असमान र विवादास्पद रफयो । नागरिकले किन सधैं सम्भावनाको चक्रमा फसेको भनेर सोच्न थालेका छन् । केपी ओली सरकारका उपलब्धि र निराशा केपी ओलीको सरकारले पूर्वाधार : विशेषगरी सडक, राजमार्ग, जलविद्युत् परियोजनाको निर्माणमा केही प्रगति छ । यी परियोजनाले नेपालको विदेशी ऊर्जा निर्भरता कम गर्ने, आन्तरिक तथा क्षेत्रीय सम्पर्कता सुधार्ने उद्देश्य लिएका थिए । भारतसँग सीमा विवादमा ओलीको राष्ट्रियवादी दृष्टिकोणले नेपाली जनतामा सुअधिकारको भावना जगाएको थियो । तर, यी उपलब्धि थुप्रै कमीकमजोरीले ओझेलमा छन् । भ्रष्टाचारका आरोपले सरकारका धेरै पहललाई दाग लगाएको छ । निष्पक्षतामा प्रश्न खडा गरेको छ । सत्तारूढ पार्टीभित्रको आन्तरिक झगडा, विपक्षीसँग सहमति निर्माण गर्न नसक्ने कमजोरीले राजनीतिक अस्थिरता निम्त्याएको छ । रोजगार, महँगी, र खस्कँदै गएको सार्वजनिक सेवाजस्ता तत्काल समस्या समाधान गर्न सरकार असफल छ । ओलीको नेतृत्व बलियो भाषणद्वारा चिन्हित भए तापनि मुख्य वाचा पूरा नहुँदा धेरैलाई लाग्छ, आशामात्रै बाँकी छ ।

**किन नेपालले विकास गर्न सक्दैन ?** नेपालको दीर्घकालीन विकासको कमी बहुआयामिक समस्या हो । राजनीतिक अस्थिरता, जरा गाडेको भ्रष्टाचार, रेमिट्यान्समा क निर्भर मुख्य कारण हुन् । जसले विकासलाई अवरोध गरिरहेको छ । प्रचुर प्राकृतिक स्रोत, भारत-चीनबीचको रणनीतिक स्थान र युवा श्रमशक्तिले सम्पन्न नेपाल आर्थिक रूपमा स्थिर अवस्थामा छ । लगातार सरकारले दीर्घकालीन विकासका लागि दृष्टिकोण स्थापना गर्न असफल छ । अल्पकालीन राजनीतिक स्वार्थ अक्सर राष्ट्रिय प्रगतिमा प्राथमिकता पाउँछन् । देशको पूर्वाधार ठूला आर्थिक गतिविधि समर्थन गर्न अत्यन्त अपर्याप्त छ । बाटो, सञ्चार सञ्जाल, बिजुली ग्रिड कम विकसित छन् वा कमजोर अवस्थामा छन् । प्रशासनिक असक्षमता, जवाफदेहीताको अभावले प्रगति अवरोध पुऱ्याउँछ । स्थिर आधारबिना, नेपालले ठूलो घरेलु वा विदेशी लगानी आकर्षित गर्ने आशा गर्न सक्दैन ।

**बेरोजगारीको समस्या :** बेरोजगारी नेपालको मुख्य एक हो । रोजगारीका अवसरको अभावले धेरैलाई विदेशमा रोजगारी खोज्न बाध्य पारेको छ । जसले अर्थतन्त्रलाई दुवै राहत र निर्भरता प्रदान गरेको छ । श्रमको पलायनले देशलाई दक्ष जनशक्ति गुमाउनमात्र होइन,नवप्रवर्तन र घरेलु उत्पादनशीलमा कमजोर बनाएको छ । बेरोजगारीको प्रमुख शिक्षा प्रणाली र श्रम बजारबीचको असन्तुलन हो । नेपालको शिक्षा प्रणालीले प्राविधिक, व्यावसायिक तालिममा धेरै कम ध्यान दिन्छ, जसले गर्दा स्नातक आधुनिक उद्योगको मागका लागि अनुपयुक्त हुन्छन् । फष्टाउने औद्योगिक क्षेत्रको अभावले समस्यालाई झन् बढाएको छ ।

**दक्ष जनशक्तिको पलायन :** नेपालले ठूलो मात्रामा दक्ष जनशक्ति, शिक्षित युवालाई गुमाइरहेको छ, जसले आवश्यक प्रतिभा खोसिरहेको छ । न्यून ज्याला, करियर विकासको अभाव, कमजोर काम गर्ने अवस्था जस्ता समस्या छन् । शिक्षा प्रणालीले यो पलायनमा भूमिका खेलेको छ । यद्यपि नेपालले इन्जिनियरिङ, चिकित्सा, आईटीजस्ता क्षेत्रमा ठूलो संख्यामा स्नातक उत्पादन गर्छ, ती क्षेत्रमा पूर्वाधार र लगानीको कमीले सीपहरू घरेलु रूपमा प्रयोग गर्न सीमित अवसर पाउँछन् । दक्ष जनशक्ति पलायन रोक्न सरकारले आकर्षक तलब, दक्ष श्रमलाई समाहित गर्नसक्ने उद्योगमा लगानी गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।

**आधुनिक प्रविधिद्वारा कृषि पुनरुत्थान :** नेपाल परम्परागत रूपमा कृषिमा निर्भर देश हो, यो क्षेत्र आधुनिक प्रविधिसँग विकास गर्न असफल भएको छ । उर्वर जमिन यन्त्रीकरणको अभाव, कमजोर सिँचाइ सुविधा, पुराना खेती प्राविधिले बाँझो रहन्छन् । सरकारले कृषि आधुनिकीकरणलाई प्राथमिकता दिनुपर्छ । उन्नत उपकरणमा अनुदान, दिगो खेती अभ्यासमा तालिम, अनुसन्धान तथा विकासमा लगानी गरेर कृषिमा सुधार ल्याउन सकिन्छ । निजी क्षेत्रको सहभागिता प्रोत्साहन गर्ने र कृषि-उद्योगहरू प्रवर्द्धन गर्ने प्रयासले मूल्य शृंखलालाई सुधार गरी कृषिलाई अधिक नाफायुक्त बनाउन सक्छ ।

**ग्रामीण क्षेत्रको जनसंख्या घट्ने समस्या :** गाउँबस्तीबाट शहरतिर मानिस बसाइँ सर्नु अर्को गम्भीर समस्या हो । आधारभूत सुविधा, शैक्षिक अवसर, आर्थिक सम्भावनाको अभावले गाउँका जनसंख्या घट्दै गएका छन् । शहरले राम्रो सुविधा प्रदान गरे तापनि भीड भइरहेको छ । जसले सीमित स्रोतको दबाब सिर्जना गरेको छ । समस्यालाई समाधान गर्न सरकारले ग्रामीण विकासमा ध्यान केन्द्रित गर्नुपर्छ ।

**पर्यटन क्षेत्रको पुनरुत्थान :** पर्यटन लामो समयदेखि नेपालको अर्थतन्त्रको आधारस्तम्भ हो । यसको सम्भावना पूर्णरूपमा उपयोग छैन । बढी पर्यटक आकर्षित गर्न सरकारले कमजोर पूर्वाधार, अपर्याप्त प्रचारप्रसार र प्रशासनिक अवरोधको समाधान गर्नुपर्छ । पदयात्रा र हिमाल आरोहणबाहेक सांस्कृतिक सम्पदा, वन्यजन्तु संरक्षण, साहसिक खेललाई प्रवर्द्धन गरेर पर्यटनको दायरा विस्तार गर्न सकिन्छ । नेपालको विश्वव्यापी छविलाई सुधार गर्न अन्तर्राष्ट्रिय एजेन्सीसँग सहकार्य, भिसा प्रक्रिया सरल बनाउने, वातावरणमैत्री पर्यटनमा लगानी गर्नेजस्ता कदमले यो क्षेत्रलाई पुनर्जीवित गर्नसक्छ ।

**मन्दीको सामना :** नेपालको अर्थतन्त्र हाल मन्दीको सामना गर्दैछ, जसमा सम्पत्तिको मूल्य घट्दै जानु, शेयर बजारमा उतार-चढाव, व्यावसायिक गतिविधिमा कमी छ । एक समय फष्टाएको अचल सम्पत्ति क्षेत्र आपूर्ति, क्रयशक्ति घट्नु, नियामक अनिश्चितताले प्रभावित भएको छ । अर्थतन्त्रलाई पुनः सक्रिय बनाउन सरकारले ब्याजदर घटाउने, स्टार्टअपहरूलाई प्रोत्साहन दिने, संघर्षरत व्यवसायलाई आर्थिक सहयोग गर्ने नीति लागू गर्नुपर्छ । बन्द भएका उद्योग पुनःसञ्चालन गरेर रोजगारी सिर्जना गर्न सकिन्छ ।

**दिगो भविष्य निर्माण :** नेपालको विकासमा साहसी र रूपान्तरणकारी कदम आवश्यक छ । सरकारले शिक्षा सुधारलाई प्राथमिकता दिनुपर्छ, विशेषगरी श्रम बजारसँग मिल्ने प्राविधिक र व्यावसायिक तालिममा । नवीकरणीय ऊर्जा, कृषि आधुनिकीकरण र डिजिटलाइजेसनमा लगानी गरेर दिगो विकासलाई अघि बढाउन सकिन्छ । सार्वजनिक, निजी क्षेत्रबीचको सहकार्यले नवप्रवर्तन र उद्यमशीलतालाई प्रोत्साहन गर्न सक्दछ ।

**किन नेपाल छिमेकी मुलुकसँग प्रतिस्पर्धा गर्न सकेन ?**
प्राकृतिक स्रोत, जलस्रोत, भारत तथा चीनजस्ता दुई तीव्र विकसित अर्थतन्त्रहरूको बीचमा रणनीतिक स्थानमा रहेको नेपाल किन प्रगतिको दौडमा पछाडि परेको छ भन्ने प्रश्नले हामीलाई सोच्न बाध्य बनाउँछ । भारत-चीनले आफ्नो स्रोत, जनशक्ति र नीतिहरूको सदुपयोग गर्दै उल्लेखनीय आर्थिक वृद्धि हासिल गरिरहेका छन् । नेपाल भने व्यवस्थागत विफलता, राजनीतिक भ्रष्टाचार, सामाजिक निष्क्रियतामा अल्झिएको छ । नेपालको सबभन्दा ठूलो समस्या भनेको नेता र नागरिकबीचको अस्वस्थ सम्बन्ध हो । यहाँ चुनाव रूपान्तरणको साधनभन्दा पनि लेनदेनको साधन भएका छन् । नेताहरूले दूरगामी नीति, योजना प्रस्तुत गर्नुको सट्टा मासु, रक्सी वा सानो रकम जस्ता अल्पकालीन लाभ दिएर मतदातालाई लोभ्याउँछन् । यो अभ्यासले लोकतान्त्रिक प्रक्रियामाथि प्रश्न उठाउँछ र समाजको नैतिकतामाथि प्रहार गर्छ । यसले गर्दा जसको पैसा हुन्छ, उसैले चुनाव जित्छ, जबकि इमानदार र दूरदर्शी नेता आर्थिक स्रोतको अभावमा पछि पर्छन् । समस्यालाई थप जटिल बनाउने भनेको राजनीति र व्यापारबीचको अस्पष्ट सीमारेखा हो । धेरै नेताले आफ्नो पदलाई व्यक्तिगत सम्पत्ति बढाउन प्रयोग गर्छन् । उता, व्यापारीहरू राजनीतिमा प्रवेश गर्छन्, तर जनताको सेवा गर्न नभई आर्थिक स्वार्थलाई सुरक्षित गर्न । राजनीतिलाई नाफा कमाउने साधनमा परिणत गरिएको छ । स्वस्थ लोकतन्त्रमा राजनीतिज्ञले नीतिनिर्माण, शासन र सामाजिक सेवामा ध्यान दिन्छन् । जबकि व्यापारीहरूले नवीनता र उद्यमशीलमार्फत आर्थिक विकासलाई अघि बढाउँछन् । नेपालमा भने सन्तुलन उल्टिएको छ । राजनीति व्यापार बनेको छ । व्यापार राजनीतिमा परिणत भएको छ । परिणामस्वरूप अक्षमता, कुप्रबन्धन सरकारप्रति अविश्वास छ । शासनमा जवाफदेहीताको अभाव, मतको व्यापारीकरणले एउटा दुश्चक्र सिर्जना गरेको छ । अल्पकालीन लाभले लोभिएका नागरिकले देशको प्रगतिभन्दा व्यक्तिगत फाइदाका लागि मतदान गर्छन् ।

भारत-चीनले रणनीतिक लगानी, नीतिगत रूपरेखाका माध्यमबाट आफ्नो अर्थतन्त्र विस्तार गरिरहँदा, नेपाल दूरदृष्टि नभएका नेताहरू र नागरिकको निष्क्रियताले परेको छ । दुश्चक्र तोड्न राजनीतिलाई परिभाषित गर्न आवश्यक छ । राजनीति जनताको सेवा र राष्ट्रको समृद्धिमा हुनुपर्छ, सम्पत्ति र शक्तिको साधन बन्नु हुँदैन । नागरिकले जवाफदेही माग्नुपर्छ, अनैतिक अभ्यासका आधारमा चुनाव जित्ने नेतालाई अस्वीकार गर्नुपर्छ । चेतना कार्यक्रमले मतदातालाई सूचित निर्णय लिन सशक्त बनाउन सक्छ । निर्वाचनमा पैसा दुरुपयोग रोक्न कडा नियम लागू गर्नुपर्छ । नेपालको सम्भावना अस्वीकार्य छैन तर वास्तविकतामा परिणत गर्न राजनीतिक प्रणालीलाई सुधार्न सेवाको संस्कृतिलाई प्रवर्द्धन गर्न आवश्यक छ । जबसम्म राजनीतिबाट व्यापारिक प्रवृत्ति हटाइँदैन र नागरिकहरूले दीर्घकालीन विकासलाई प्राथमिकता दिन्छन्, तबसम्म नेपाल आफ्नो समृद्ध छिमेकीहरूसँग प्रतिस्पर्धा गर्न सक्षम हुनेछैन ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : वित्तिय संस्थाबाट सहयोग मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **तुला** : व्यक्तिगत कार्यमा सफलता मिल्नेछ। चिन्ता हटेर मन हलुका हुनेछ । |
| **वृष** : आर्थिक संकटले गर्दा मनमा अशान्ति र छटपटी व्याप्त हुनसक्छ । | **वृश्चिक** : आँटेको र ताकेको कार्य पुरा होला । समस्या सुल्झाउन पनि सकिनेछ। |
| **मिथुन** : काममा अपेक्षाकृत सफलता हात पर्नेछ । काम गर्ने जोशजाँगर बढ्नेछ । | **धनु** : नयाँ कार्यको योजना बन्ने छ । नजिकको व्यक्तिबाट काम सफल हुनेछ। |
| **कर्कट** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । आर्थिक लाभ पनि रहनेछ। | **मकर** : समय मध्यम खालको रहेको छ। कार्यबाट मन सन्तुष्ट नहुनसक्छ । |
| **सिंह** : शुभ चिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । अतिथिको आगमन हुनेछ। | **कुम्भ** : लाभदायक र खुसीको यात्रा हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ। |
| **कन्या** : शरीरमा स्फूर्तिको कमी हुनेछ । आत्मबल बढाएर काम गरे सफल भइनेछ। | **मीन** : शुभकार्यको चर्चा चल्नेछ । नयाँ जिम्मेवारी पाइएला । |

कला मनोरञ्जन

# संघर्षको धुन बजाउने 'पूर्णबहादुरको सारङ्गी'

अहिले 'पूर्णबहादुरको सारङ्गी'को खुबै चर्चा छ । सिनेमा हलहरुमा सबै उमेर समूहका दर्शकको ओइरो लागेको छ । कुनै नेपाली फिल्मको यति चर्चा सञ्चारमाध्यम र सामाजिक सञ्जालमा यसअघि सायदै भएको होला । नेपाली फिल्म यसरी दर्शकमाझ भिज्न सक्नु नेपाली फिल्म क्षेत्रको मात्र हैन, मुलुकको कला क्षेत्रकै गौरव विषय हो । पूर्णबहादुरको सारङ्गी हेर्दै गर्दा हाम्रो नेपाली समाजको पारिवारिक र सामाजिक परिवेशका दुईवटा पक्षको अनुभूति गराउने रहेछ । यसमा मूलत: पारिवारिक तहमा पितृसत्तात्मक परिवारमा बाबुको भूमिका र आश्रित परिवारको अवस्था र सम्बन्धलाई कसिलो गरी प्रस्तुत गरिएको छ । अर्को पक्ष सामाजिक स्तरबाट हेर्दा समाजका पिंधका मान्छेले कष्टपूर्ण तवरले बाँचेको जिन्दगीको चित्र देखिन्छ यहाँ । 'दाजु भाउजूले त गु खाइछिन् नि' भनेर सुरु हुँदा फिल्मको कथामा भाउजूको भूमिका कस्तो होला भन्ने धेरै जिज्ञासा जगाउँछ । मध्यान्तरसम्म रहँदा अन्य फिल्मको कथा जस्तै यसमा पनि प्रेम, विवाह, माया पिरती, विवाहित जोडीको प्रेमिल सम्बन्ध तथा वार्तालापमा समिति भएको हुन्छ । जब पूर्णबहादुर र बाटुली बच्चा हुन्छ, तब प्राय: सबै जोडीले व्यहोर्ने गरेको परिदृष्य त्यहाँ देखिन्छ । त्यो हो सन्तानको भविष्यप्रति बाबुआमाको बुझाइ र योजना । 'पूर्णबहादुरलाई असाध्यै मन पराएर बिहे गरेकी बाटुलीले पूर्णबहादुरको दु:ख र उनले समाजमा पाएको अपमान देखेर सारङ्गी रेट्ने पेशाप्रति निकै निराशा र वितृष्णा व्यक्त गर्छिन् । छोरालाई सारङ्गी नसिकाउने र बाबुसँग हिंड्न नदिने अठोट गर्छिन् । उनले पूर्णबहादुरलाई सारङ्गी बजाउने पेशा छाड्न सम्झाउने र घुर्क्याउने गर्छिन् तर पनि पूर्णबहादुर टेर्दैनन् । एक दिन पूर्णबहादुरका बाबु अचानक बेहोस भएर ढल्छन् र पूर्णबहादुरले साथीको सहयोगमा अस्पताल लिएर जान्छन्, तर बाटुली अस्पतालमा सुसुरालाई हेर्न गएको देखिंदैन । बाटुलीले छोरालाई राम्रो शिक्षा दिन सहर जाने अपेक्षा राख्दा राख्दै सहरबाट आएको ठिटोसँग भेट हुन्छ । उनलाई छोरा पढाउन सहर जाने भनेकोमा ठिटोले बाटुलीको घरमा लेखेर छोडेको पत्रमा उसैसँग भागेर गएको भन्ने भएपछि बाटुलीको घर फर्किने बाटो नै बन्द हुन्छ । सँगै गएको छोरा पनि बाटैबाट भागेर बाबुसँगै फर्किन्छ । त्यसपछि कथामा आमाको भूमिका यहीं अन्त्य हुन्छ । उता पूर्णबहादुरको बाबुको मृत्यु भएर घाट लगेकै दिन बाटुली पोइल गएको अवस्थाले परिवारमा ससुराप्रतिको निर्दही स्वभाव प्रस्तुत गरेको छ भने अर्कोतर्फ श्रीमतीले घर छोडेर गएको सोही बेला बाबुको उपचार गर्न अस्पताल लैजानु र मृत्यु हुनुको कहालीलाग्दो पीडामा पूर्णबहादुरलाई प्रस्तुत गरिएको छ । कथाले पुरातन समाज विपन्न परिवारको पारिवारिक परिवेश उतार्न खोजेको भए पनि यसले आधुनिक समाजमा संयुक्त परिवारमा बस्दा छोराले निभाउनुपर्ने भूमिका, जिम्मेवारी र पारिवारिक असन्तुलन तथा बेमेलको परिणामाले निम्त्याउने पीडा पनि प्रस्तुत गरेको छ । हिजोआज विदेश जाने लहरले गर्दा केहीका बाबुआमा घरमा एक्लै छन् भने प्राय: मलेसिया र खाडी देशमा गएका पुरुषहरुका बाबुआमा घरमा बुहारीसँग बस्ने गरेका छन् । कतिपय बाबुआमा आफूले चर्चेको गाउँठाउँ छोडेर बिरानो सहरमा छोराबुहारीसँग बसेका छन् । छुट्टै




परिवेशमा जीवनको उत्तरार्धमा रहेका अशक्त बाबुआमा र अर्कै संस्कार संस्कृतिक परिवेशबाट आएर सन्तानका लागि केही गरौं भन्ने जोश जाँगर भएकी श्रीमतीबीचमा सम्बन्ध खटपट हुँदाको उराठलाग्दो अवस्था र त्यस बीचमा रहेर पारिवारिक सन्तुलन मिलाउनु पर्ने छोरा मान्छेको जिम्मेवारी र संयुक्त परिवारमा रहँदा बाबुआमाको हेरचाहको आवश्यकता र श्रीमतीको इच्छा चाहनाबीच तालमेल नपुगदा पारिवारिक सम्बन्धमा चुकुल पुस्किएर कसरी भत्किन्छ भन्ने दृश्य पनि फिल्ममा देख्न सकिन्छ । पूर्णबहादुरको बाबुको मृत्युपछि यहाँबाट कथाले बिस्तारै परिवारमा आमाको भूमिकालाई पन्छाउँदै बाबुको भूमिकालाई दरिलो गरी प्रस्तुत गर्दै लगेको छ । छोराको शिक्षा र सामाजिक प्रतिष्ठाको लागि बाबुले गरेको कठोर संघर्ष र त्यागको तर्फ कथा मोडिएको छ । बाबुसँग हुर्किने क्रममा बेलाबेला छोराले आमाको चासो गरिरहँदा बाबुआमाको पारिवारिक बेमेलले सन्तानमा पर्ने मनोवैज्ञानिक असर यहाँ आकलन गर्न सकिन्छ । छोरालाई राम्रो शिक्षा दिने र प्रतिष्ठित जीवन जिउन बाटो देखाउने कुरामा पूर्णबहादुरलाई श्रीमतीले बारम्बार सम्झाउँदा पनि नसम्झिने तर बाटुलीले घर छोडेपछि छोराको शिक्षा तथा प्रतिष्ठित जीवन भविष्यका लागि पूर्णबहादुरमा आएको परिवर्तन बाबुको भूमिकालाई जबर्जस्त दर्बिलो बनाउन खोजेको आभास हुने गर्छ । यो फिल्ममा देखिने भनेको हाम्रो नेपाली समाजको सामाजिक संरचनाको समूल चित्रण हो । सारङ्गी रेटेर जीविकोपार्जन गर्ने गन्धर्व समुदायले समाजमा सहनु परेको विभेद र अपमानको पीडा मसिनो गरी प्रस्तुत गरिएको छ कथामा । पेशाको पुस्तान्तर हुँदै गर्दा शिक्षा र चेतनाले पेशामा परिवर्तन भई डाक्टर बनेको अवस्थामा समाजको रुपान्तरण देखाइएको छ । पुस्तौंदेखि चलिआएको परम्परालाई तोडेर समाजमा प्रतिष्ठित जीवन जिउन कति संघर्ष र कष्ट गर्नुपर्छ भन्ने सन्देश यसले दिएको छ । समाजलाई आदर्शको बाटोमा लैजाने शिक्षित वर्ग नै सामाजिक कुसंस्कार र कुरीतिको दलदलबाट मुक्त हुन नसकिरहेको अवस्था, धार्मिक सामाजिक मान्यताले गन्धर्व समुदायलाई कस्तो व्यवहार गर्छ भन्ने कारुणिक दृश्यले समाजमा सीमान्तकृत तथा उपेक्षित र दलित समुदायले भोगेको यथार्थ जीवनको ऐना देखाइएको छ । यसको अर्को महत्वपूर्ण पाटो के पनि छ भने समाजमा भइरहेको र इतिहासमा भएको जातीय विभेद असमानता तथा उत्पीडनबारे नयाँ पुस्तालाई नचिनाएर वा नबुझाएर भन्दा पनि यथार्थ परिस्थिति चिनाएर र बुझाएर नै सोचमा परिवर्तन ल्याउन सकिन्छ भन्ने राम्रो सन्देश दिएको छ । ससुराको मृत्यु भएकै दिन बुहारीले अर्कैसँग सहर गएको, सेतो कोट किन लगाएको भनेर शिक्षकले बच्चालाई कुटेको, धार्मिक पूजाआजामा सारङ्गी बजाउन जाँदा निर्मम कुटपिट गरेको, कठोर संघर्ष गरेर डाक्टर बनाएको छोरासँग भेट नहुँदै बाबुको मृत्यु भएको दृश्य निकै कठोर तर कारुणिक तवरले प्रस्तुत गरिएको छ । हेर्दाहेर्दै दर्शकको जिज्ञासा लाग्न सक्छ यतिसम्म नभइदिएको भए हुने नि । तर समाजमा यस्तै कठोर र फदयविदारक अवस्थासँग जुधिरहेका मान्छेहरु छन्, जुन परिघटना नभइदियोस् जस्तो लाग्ने तर आखिर भोगेर बाँचेका मान्छेहरु छन्, तिनै मान्छेको कथा मुटु छियाछिया पारेर भएपनि प्रस्तुत गरिएको छ । यिनै दृश्य देखेर दर्शकहरु अनायासै आँसु झार्ने रहेछन् । यस फिल्मको कथाले यो पनि सिकाउँछ- समाजमा हुने दमन, उत्पीडन र त्यस विरुद्धको निरन्तर संघर्षले मान्छेलाई योद्धा बनाउँछ । सामाजिक अवरोधहरुसँग जुध्ने र आफ्नो भविष्य निर्माणका लागि आइपर्ने सयौं चुनौतीसँग लड्नसक्ने बनाउँछ । पूर्णबहादुर आफ्नी श्रीमतीले सम्झाउँदा समेत छोरालाई सारङ्गी रेट्ने पेशा छोडाउँदैनन् । तर जब उनीमाथि सामाजिक अपमान विभेद र दमन बढ्दै जान्छ, आफ्नै सन्तानमाथि आफ्नै आँखा अगाडि कुटपिट सुरु हुन्छ, तब उनले छोरालाई पनि प्रतिष्ठित जीवन जिउने बनाउन पढाइतिर लगाउने अठोट गर्छन् । आफ्ना साथीभाइ आफन्त तथा छरछिमेकले कति गिज्याउँदा समेत छोरालाई शिक्षित बनाउने कुरामा कदापि विचलित हुँदैनन् । आफ्नो ज्यानै धरापमा पर्दा र मृत्युको अन्तिम घडीसम्म पनि लडिरहन्छन्, निरन्तर लागिरहन्छन् । यो अठोट तथा अविचिलित प्रण उनले सामाजिक विभेद, तिरस्कार र त्यस विरुद्ध उनले गरेको निरन्तर कठोर संघर्षको बल नै हो भन्ने अनुमान गर्न सकिन्छ । सन्तानका लागि बाबुआमाको त्याग र समर्पण अतुलनीय हुन्छ । प्राय: सबै बाबुआमाले सन्तानको उज्ज्वल भविष्य निर्माणका लागि संघर्ष र त्याग गरेकै हुन्छन् । फरक यति हो कसले कतिसम्म दु:ख गरेका छन् र सन्तानले सो बमोजिम उचित बाटो समातेका छन् कि छैनन् भन्ने मात्र हो । पूर्णबहादुर जस्तै समाजमा कैयौं गुमनाम बाबुहरु छन्, आमाहरु छन् । उनीहरुका संघर्षको कथा बाहिर आएका छैनन् र सबैको कथा आउन सम्भव पनि छैन । तर सन्तानले बाबुआमाको त्याग, समर्पण र संघर्षलाई सम्मान र आत्मसात गर्नै पर्छ । अनि बाबुआमा जस्तै सामाजिक र पारिवारिक दायित्वमा रहेका सासू-ससुराप्रतिको पूर्ण जिम्मेवारी बोध गर्नु पनि असल व्यक्तिको कर्तव्य हो । जसरी सारङ्गीका तारहरुमा गहिरो गरी औंलाहरु रेटेर मीठो धुन बज्छ, त्यसरी नै फिल्म 'पूर्णबहादुरको सारङ्गी'मा वेदनासँगै कठोर संघर्ष र अठोटको धुन पनि गुञ्जिएको छ ।

*-अनलाइन खबर डटकम*

# 'कल्ली'का निर्देशकलाई पलको चुनौती



अभिनेता पल शाहले एक गम्भीर घटनाका कारण एक वर्ष जेल जीवन विताएपछि लगातार केही फिल्म सम्झौता गरे । त्यसमध्ये एक थियो, 'कल्ली' । उनको फोटोसुट गरेर क्यारेक्टर पोस्टरसहित गत साउनमा फिल्मको घोषणा गरिएको थियो । तर, गत भदौमा आएको 'रावायण' असफल भएपछि उनलाई रातारात 'कल्ली'बाट हटाइयो । र, उनको ठाउँमा सौगात मल्ल भित्रिए ।

फिल्मबाट पललाई हटाइनुमा उनी मुछिएको एक प्रकरण प्रमुख कारण मानिएको छ । जसले गर्दा उनीसँग केही कलाकारले काम गर्न नमानेको बताइन्छ । एक अनलाइन पोर्टलसँगको अन्तर्वार्तामा 'कल्ली'का निर्देशक लक्ष्मण सुनारले पनि अरु कलाकारले पलसँग काम गर्न नमानेको आशय व्यक्त गरेका थिए । उनले भनेका थिए, 'उहाँलाई लिँदा अरुलाई छाड्नुपर्ने अवस्था आयो ।' तर, फिल्मबाट आफूलाई हटाइएको र निर्देशक सुनारको अभिव्यक्तिप्रति पलले कुनै पनि प्रतिक्रिया जनाएका थिएनन् । आइतबार एक टेलिभिजन अन्तर्वार्तामा भने उनले आफूलाई बिना जानकारी फिल्मबाट हटाइएको गुनासो गरेका छन् । 'जसरी फिल्ममा मलाई लिनुभयो, त्यसरी नै 'तपाईंसँग यो-यो कारणले काम गर्न नसक्ने भयौं' भनेर भनिदिनुपर्थ्यो । मलाई अहिलेसम्म आधिकारिक रुपमा कसैले भन्नुभएको छैन । मैले त न्यूजमा आएपछि मात्र थाहा पाएको थिएँ । १/२ हप्तासम्म त मलाई विश्वास पनि लागेको थिएन । २ हप्तापछि अरुको माध्यमबाट मलाई खबर पठाइएको रहेछ,' उनले भने । यद्यपि, पलले 'कल्ली'मा काम गर्न आफूलाई लेखेको रहेनछ भनेर चित्त बुझाएका छन् । उनी भन्छन्, 'कहिले काहीँ लेखाइ र भोगाइ भन्ने हुन्छ । सायद मेरो जीवनमा यो फिल्म लेखेको थिएन होला । म त्यसरी दिन्छु ।' निर्देशक सुनारको अभिव्यक्तिप्रति भने उनी केही रुष्ट देखिए । कसले आफूसँग काम गर्न नमानेको हो भन्ने विषयमा स्पष्टीकरण दिनुपर्ने उनको भनाई छ । 'मसँग कोही कलाकारले काम गर्न नचाहेको हो भने उहाँ (निर्देशक)ले स्पष्टीकरण दिनुपर्छ । कसले मान्नुभएन ? किन मान्नुभएन ? नत्र मैले ३ वटा फिल्म साइन गरिसकेको छु, त्यसमा सबैले काम गर्न मान्नुभएको छ । त्यसमा पनि त धेरै कलाकारहरु छन् । कामै गर्न नमानेको भए उहाँहरुले पनि मान्नु हुन्थेन होला,' उनी अगाडि भन्छन्, 'यदि प्रमाण छैन भने कसैको बारेमा त्यसरी भन्नु हुँदैन । प्रमाण छ भने त कारणसहित यो-योले खेल्न मानेनन् भन्न पाउनुहुन्छ ।' 'कल्ली'बाट हटाइए पनि पलसँग फिल्मको अभाव भने छैन । अहिले उनको पाइपलाइनमा तीनवटा फिल्म छन् । 'मायाका रंगहरु' र 'मोहर' छायांकनको तयारीमा छन् भने अर्को फिल्म घोषणा गरिएको छैन । केही दिनमा पोस्टरमार्फत त्यसको घोषणा गरिने जनाइएको छ । उनको मुख्य भूमिका रहेको फिल्म 'मायावी' भने आगामी महाशिवरात्रि अर्थात् फागुन १४ गतेबाट रिलिज हुँदैछ ।

*-फिल्मी खबर डटकम*

# चलचित्र 'ऊनको स्वीटर' वैशाख २६ गते रिलिज हुने




विपिन कार्की र मिरुना मगरको शीर्ष भूमिका रहेको नेपाली चलचित्र 'ऊनको स्वीटर'को अफिसियल पोस्टर सार्वजनिक भएको छ । केही महिना अघि सार्वजनिक गरिएको फर्स्ट लुक पोस्टरमा नयाँ ऊनको स्वीटर लगाएर फोटो खिच्नलाई पोज दिइरहेका विपिन र गुरुङ पहिरनमा मिरुना मगर चित्रित थिए । सोमबार सार्वजनिक गरिएको पोस्टरमा सोही फोटोको एक अंशलाई निरन्तरता दिइएको छ । साथै, पोस्टरमा डोको बोकिरहेका विपिनले हातमा डायरी बोकेका छन् भने मन्द मुस्कानमा रहेकी मिरूनालाई राखिएको छ । 'ऊनको स्वीटर' शीर्षकलाई ऊनको धागोले बुनिएको डिजाइनमा तयार पारिएको छ । पोस्टर सार्वजनिकसँगै यस चलचित्रको रिलिज मिति पनि घोषणा गरिएको छ । यो चलचित्र २०८२ सालको वैशाख २६ गते रिलिज हुने जनाइएको छ । यस चलचित्रमा विपिन कार्की, मिरुना मगर, सुनिल पोखरेल, माओत्से गुरुङ, विल्सन विक्रम राई, प्रेम सुब्बा, एलेक्स पारस, परीक्षा लिम्बु, सुरज तमू, शारदा देवी सिलवाल, भावना खपाङ्गी मगरलगायतको अभिनय रहेको छ । नवीन चौहानले निर्देशन गरेको 'ऊनको स्वीटर' आर्टमाण्डू प्रा.लि.ले निर्माण गरेको पहिलो फिचर चलचित्र हो, जसले यसअघि थुप्रै म्युजिकल फिल्महरू निर्माण गरेर लोकप्रियता हासिल गरेको थियो । 'घुमी घुमी,' 'देखेर तिमीलाई - तीनपाते,' 'फूलथुङ्गे रानी,' 'चन्द्रमा' जस्ता साङ्गीतिक चलचित्रहरूका निर्देशक समेत रहेका चौहानको यो नै पहिलो फिचर चलचित्र हो । चलचित्रलाई निर्देशक चौहानले नै लेखेका हुन् भने लेखन सहकार्यमा सुरज कटुवाल रहेका छन् । चलचित्रको छायाङ्कन पाँचथर र नेपाल भारत सिमाना फालेलुङमा गरिएको छ । यसअघि यस चलचित्रको ओएसटी गीत 'फूल' बहु चर्चित भइसकेको छ । छायाङ्कन जानुअघि लिरिकल स्टाइलमा सार्वजनिक गरिएको गीतलाई हालसम्म १ करोड ४० लाख भन्दा बढी पटक युट्युबमा हेरिएको छ । चलचित्रका सङ्गीत निर्देशक सुजन चापागाईं हुन् र सङ्गीत निर्माण तथा ब्याकग्राउण्ड म्युजिक कोबिद बज्रले तयार गरेका छन् । चलचित्रमा समावेश गीतका रचनाकारहरू हर्क साउद र युवराज काफ्ले हुन् भने सङ्गीतकारहरू सुजन चापागाईं र झुमा लिम्बु हुन् । गीतमा सुजन चापागाईं, झुमा लिम्बु, सुनिता थेगीम र सलिना बि.क.को स्वर रहेको छ । कोरियोग्राफी रोशन बि.क. र डिप गुरुङले गरेका छन् । चलचित्रको सिनेमाटोग्राफी चिन्तन राजभण्डारीले गरेका छन् भने सम्पादन कृष्ण भण्डारीले गरेका छन् । चलचित्रको एशोसियट निर्माता केन्द्र मोशन पिक्चर्स हो भने सह-निर्माताहरूमा साहाङ्ग चेम्जोङ, आशिष रिजाल, राजकुमार राई, प्रकाश बस्नेत र सन्तोष न्यौपाने रहेका छन् । कार्यकारी निर्मातामा सागर बुढाथोकी र मिलन खत्री छन् । चलचित्रको कला निर्देशन विशाल न्यौपानेको टिमले सम्हालेको छ । पोस्टर तथा पब्लिसिटी डिजाइन रोयल भीमसेन ( ट्राइडेन्ट कन्सेप्ट)ले गरेका छन् । सोसल मिडिया व्यवस्थापनमा प्रकाश क्षेत्री, विवेक खकुरेल, र ज्ञानु सङ्गम खड्का रहेका छन् । यस चलचित्रको वितरण काफिया फिल्म्स प्रा.लि. र कुबेर सिने डिस्ट्रीब्युसनले गर्नेछन् । मुख्य सहायक निर्देशक फिरोज खड्का, लाइन प्रोड्युसर फुङ्सो जबेगु, स्थानीय सहजकर्ता प्रज्वल बास्कोटा हुन् । प्रोडक्सन डिजाइन काजी राना र गुणराज देवानले गरेका छन् । मेकअप आर्टिस्ट आयाज शेख, कस्ट्युम डिजाइनर सुजन परियार, हेयर स्टाइलिस्ट सुशीला साम्बा, एक्टिङ तथा कास्टिङ निर्देशक सुरज तमू रहेका छन् । *-डिसी नेपाल डटकम*

# ‘ड्रागन फ्रुट बिक्री गर्न समस्या छैन’



**वालिङ (स्याङ्जा),** मंसिर ११/यहाँका एक किसानले ‘ड्रागन फ्रुट’ बिक्रीबाट रु १८ लाख आम्दानी गर्न सफल भएका छन् । स्याङ्जाको वालिङ-१ धरमपानीमा व्यावसायिक रूपमा ड्रागनखेती गरेका कृष्णप्रसाद ढुङ्गानाले ड्रागन बेचेर रु १८ लाख आम्दानी गरेका हुन् ।

चार हजार पाँच सय केजी ड्रागन बिक्री गरेर उक्त आम्दानी लिन सफल भएको व्यवसायी ढुङ्गानाले बताए । असी रोपनी जग्गा भाडामा लिएकोमध्ये ४० रोपनीमा तीन वर्षअघि व्यावसायिक ड्रागनखेती गरेका ढुङ्गानाले यस वर्ष एकै याममा मनग्य आम्दानी गर्न सफल भएका हुन् । ‘असी रोपनी जग्गा भाडामा लिएर व्यवसाय थालेको हुँ’, उनले भने, ‘सुरुमा मलाई केही पनि ज्ञान थिएन, युट्युब हेर्दै काम गर्न थालेँ, सिक्दै गएँ अहिले धेरै राम्रो भएको छ, कमाई पनि राम्रो भएको छ ।’ ड्रागन थोकमा प्रतिकेजी रु चार सयका दरले र खुद्रामा प्रतिकेजी रु पाँच सयका दरले बिक्री भएको उनले बताए । यहाँ उत्पादन भएको ड्रागन पोखरा, स्याङ्जा र वालिङमा खपत भएको हो । आफ्नो र बाँकी जग्गा दाजुभाइको भाडामा लिएर अहिले ४० रोपनीमा पाँच हजार ड्रागनले फल दिएको उनले बताए । ‘नयाँ र नौलो व्यवसायको थालनी गर्दा हेर्न आउनेहरूले के नचाहिँदो काम गरेको होला भनेर होच्याउने गर्थे, पागल भएछ कि क्या हो समेत भन्थे’, उनले भने, ‘अहिले व्यवसाय राम्रो भएर आम्दानी लिन थालेपछि पहिला नराम्रो भन्नेहरू पनि हेर्न र बुझ्न बगैँचामा आउने गरेका छन् ।’ उनले एउटा पिलरमा तीन वटाका दरले ड्रागनका बेर्ना लगाएका छन् । ड्रागन बगैँचामा बिरुवाको बीच-बीच भागमा अदुवा, सखरखण्ड, पिँडालुलगायत मिश्रित बाली लगाएका छन् । ‘नयाँ र नौलो फल भएकाले यहाँ आउनेलाई खान दिने, आफन्तलाई कोसेली पठाउनेसमेत गरियो’, उनले भने, ‘आम्दानी अझै धेरै हुन्थ्यो, वर्षामासमा परेको निरन्तरको झरीले झण्डै रु १० लाखको ड्रागनको फूल नै नष्ट गरिदियो ।’ उनले ड्रागन फलसँगै बेर्ना पनि बिक्री गरी आम्दानी गर्दै आएका छन् ।

उत्पादन गर्न सकेको खण्डमा बजारको कुनै समस्या नरहेको कृष्णाका भाइ अमृत ढुङ्गानाले बताए । अमृतले दाजुले उत्पादन गरेको ड्रागनको सम्पूर्ण बजारीकरणको जिम्मा लिएका छन्। ‘यहाँ उत्पादन भएको ड्रागन पोखरा, स्याङ्जा तथा स्थानीय वालिङ बजारमा र केही बगैँचाबाट नै बिक्री भयो’, उनले भने, ‘ड्रागनको बजार माग राम्रो भएकाले बिक्री नहुने समस्या भएन बरु मागअनुसार खपत गर्न सकेनौँ ।’ बगैँचामा यसपटक ड्रागन फलेर सकियो तर अझै पनि विभिन्न ठाउँबाट माग आउने क्रम जारी भएको अमृतले बताए । अहिले ४० रोपनीमा फैलिएको ड्रागन बगैँचालाई विस्तार गरी ८० रोपनी क्षेत्रफलमा पुऱ्याउने लक्ष्य रहेको अमृतले बताए ।

झोलामा फाइल बोकेर हिँड्ने नक्कली किसानलाई राज्यले अनुदान दिने गरेकामा उनको दुखेसो छ । ‘वास्तविक किसानले मेहनत गर्छन् तर उनीहरू राज्यले दिने अनुदानमा पर्दैनन्’, उनले भने, ‘यसले काम गर्दैन तर पहुँच पुऱ्याउँछ उसैलाई राज्यले अनुदान दिँदा दुःख लाग्दो रहेछ, यद्यपि हामीले अनुदानको आशमा व्यवसाय थालेका भने होइनौँ ।’ केन्द्र, प्रदेश तथा स्थानीय सरकारले अनुदान सुरुमै नभई उत्पादनका आधारमा दिनुपर्ने माग उनको छ । *-रासस*

## खेलकुद समाचार

### नेपालले दक्षिण अफ्रिकालाई ११ रनले हरायो



**काठमाडौं,** मंसिर ११/नेत्रहीन टी-२० विश्वकप क्रिकेटमा नेपालले तेस्रो खेलमा दक्षिण अफ्रिकालाई ११ रनले हराएको छ । प्रतियोगितामा यो नेपालको दोस्रो जीत हो ।

नेपालले दिएको १ सय ९९ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले २० ओभरमा २ विकेट गुमाएर १ सय ८७ रनमात्र बनाउन सक्यो । दक्षिण अफ्रिकाका बुल्हे भिड्लाले नटआउट १ सय रन बनाए । दक्षिण अफ्रिकाका दुई जना खेलाडी रनआउट भए ।

यसअघि पाकिस्तानमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ४ विकेट गुमाएर १ सय ९८ रन बनायो । नेपालका नरेश चौधरीले ८०, सागरले ४०, पदम बडैलाले ३४ रन बनाए । दक्षिण अफ्रिकाका बुल्हे भिड्लाले १ विकेट लिए । यसअघि नेपाल पहिलो खेलमा श्रीलङ्कासँग र दोस्रो खेलमा ङ्गलादेशसँग पराजित भएको थियो । नेपालले तेस्रो खेलमा भने अफगानिस्तानलाई हराएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# तोलामा २ हजार ६ सयले फेरी घट्यो सुन




**पाल्पा,** मंसिर ११/अघिल्लो दिन प्रतितोला १५ हजार ९ सय रुपैयाँ घटेको सुन मंगलबार मंगलबार २ हजार ६ सय रुपैयाँ घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघले सुनको भाउ प्रतितोला १ लाख ४८ हजार ७ सय रुपैयाँ तोकेको छ ।

सोमबार प्रतितोला १ लाख ५१ हजार ३ सय रुपैयाँ थियो । यसअघि कात्तिक १५ गते सुनको भाउ हालसम्मकै उच्च प्रतितोला १ लाख ७१ हजार रुपैयाँ पुगेको थियो ।

त्यस्तै चाँदीको भाउ प्रतितोला २५ रुपैयाँ घटेको छ । अघिल्लो दिन प्रतितोला १ हजार ८ सय ४५ रुपैयाँ रहेको चाँदी यस दिन १ हजार ८ सय २० रुपैयाँ कायम भएको छ ।

# यू-१९ एसिया कप खेल्ने नेपाली टोलीको बिदाइ



**काठमाडौं,** मंसिर ११/मलेसियामा आगामी २९ नोभेम्बरबाट सुरु हुने एसिसी यू-१९ एसिया कप खेल्न जाने नेपाली टोलीको बिदाइ गरिएको छ । क्यानले मंगलबार र एक कार्यक्रमबीच नेपाली यू-१९ टोलीको विदाइ गरेको हो । राखेपका सदस्य सचिव टंकलाल घिसिङ, क्यानका सचिव पारस खड्का लगायतको उपस्थितिमा टोलीको बिदाइ गरिएको हो ।

कार्यक्रममा बोल्दै क्यान सचिव पारस खड्काले भने, ‘छोटो समयको तयारीका बाबजुद विश्वकपमा छनोट हुनका लागि यो सुरुवातजस्तो भएको छ, एसिया कप खेल्नु पनि एउटा गौरवको क्षण हो । यू-१९ क्रिकेट पनि हाम्रो प्राथमिकतामा छ, युवा टोलीको भविष्य पनि नेपालको भविष्यसँग जोडिएको छ ।’ पारसले दबाव नलिईकन क्षमता अनुसारको प्रदर्शन गर्न शुभकामना दिए । यू-१९ का खेलाडीहरू राष्ट्रिय टिमसम्मै खेल्न सफल भएका छन् ।

त्यसैगरी यू-१८ का नवनियुक्त प्रशिक्षक शक्ति गौचनले टोली एसिया कपका लागि तयार भएको बताल । ‘कर्नाटकसँगको खेलले पनि फाइदा पुगेको छ, त्यसका लागि क्यानलाई धन्यवाद पनि दिन्छौं । छोटो समयमा राम्रो तयारी गरेका छौं, कर्नाटकसँगको सिरिजले टिम छनोट गर्न पनि सजिलो बनायो, हामी हाम्रो बेस्ट खेल खेल्ने छौं ।

हेमन्त धामीले पनि १५ दिनको क्याम्प र कर्नाटकसँगको सिरिजले फाइदा पुगेको बताउँदै राम्रो तयारी भएको बताए । त्यसैगरी राखेपका सदस्य सचिव टंकलाल घिसिङलेरुरु जुनियर खेल राष्ट्रको मेरुदण्ड भएको उल्लेख गर्दै क्यानले गर्दै आएको कामको प्रशंसा गरे । ‘निरन्तर मेहेनतले परिणाम आउने हो, जुन पछिल्लो समयमा क्यानले पनि त्यसका लागि धेरै पहल गरिरहेको छ एकदमै धन्यवादको पात्र बनेको छ’ उनले भने, ‘क्रिकेटमा यू-१९ टोली भनेकै मुख्य बेन्चमार्क हो, अहिलेको टोलीले पनि राम्रो प्रदर्शन गर्नेछ, दबाब नलिईकिन खेल्नुहोला, सफलताको शुभकामना ।’ हेमन्त धामीको कप्तानीमा १५ सदस्यीय नेपाली टोलीको घोषणा भइसकेको छ । टोलीको प्रशिक्षकमा नेपाली राष्ट्रिय पूर्वखेलाडी शक्ति गौचन छन् ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम, ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं
- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
- उत्साहित पीडकले थप घटना घटाउन सक्छन्, आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी रामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई